"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३।०८४

चलानी नं. :

मिति : २०८३।०४।०४

ने.स. ११४६ दिल्लाथ्व ६ सोमवार

**सूचना नं. : ३**

**आ.व. २०८२।०८३ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना !**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित कार्यालयमा दर्ता गर्नुपर्ने व्यवस्था बमोजिम यस विहादी गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत सम्पपूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु र अस्थायी/करार/निजि स्रोत शिक्षक कर्मचारीहरुले कानुनले तोकेको समय सिमा (२०८३।०५।२९) गतेभित्र आ-आफ्नो सम्पत्ति विवरण फाराम भरि देहाय बमोजिम दर्ता गराउनुहुन प्रदेश किताबखाना तथा सञ्चार समन्वय शाखा, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको च.नं. ७, मिति २०८३।०४।०१ को पत्र तथा राष्ट्रिय कितावखाना (निजामती), राष्ट्रिय किताबखाना (शिक्षक) को मिति २०८३।०३।२४ को सूचना र राष्ट्रिय सतर्कता केन्द्रको मिति २०८३।०४।०१ को सूचना अनुसार अनुरोध छ ।

**देहाय :**

**सम्पत्ति विवरण दर्ता गर्ने निकाय :**

| क्र.स. | सम्पत्ति विवरण पेश गर्ने | दर्ता गर्ने निकाय |
|---|---|---|
| १ | साविकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका सरकारी कर्मचारीहरुले | राष्ट्रिय किताबखाना (निजामती) |
| २ | लोक सेवा आयोगबाट आ.व. २०७५।०७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहमा नियुक्ति भई कर्मचारी संकेत नं. प्राप्त गरेका कर्मचारीहरुले | प्रदेश कितावखाना (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) |
| ३ | सम्पूर्ण जनप्रतिनिधिहरु | विहादी गाउँपालिकामा दर्ता गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४ | संकेत नं. प्राप्त नभएका स्थायी, करार, अस्थायी, अन्य सेवाका कर्मचारीहरु | |
| ५ | कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरु (संकेत नं. प्राप्त गरेका वा नगरेका) | |
| ६ | अस्थायी, करार, राहात, बालविकास, लेखा तथा अन्य पदमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरु | |
| ७ | स्थायी शिक्षक | राष्ट्रिय किताबखाना (शिक्षक) |

**आ.व. २०८२।०८३ को सम्पत्ति विवरण बुझाउने खाममा लेख्ने विवरणको ढाँचा**

| | |
|---|---|
| क. कर्मचारीको संकेत नम्बर : | ङ. श्रेणी / तह : |
| ख. नाम, थर : | च. कार्यरत कार्यालय : |
| ग. पद / दर्जा : | छ. मोबाइल नं. : |
| घ. सेवा / समूह : | ज. ई-मेल ठेगाना : |
| साविकको पद र संकेत नं. (दुई वा सो भन्दा बढी क.स.नं. भएको हकमा) : | |

धनन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत